फोन नं.: 9855048897, 9855048899
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
**कार्यक्रम कार्यान्वयन एकाइ, बारा**
(कार्यक्षेत्र: बारा र पर्सा)

## न्यूनतम समर्थन मूल्यमा धान खरिदका लागि सहकारी संस्था सूचिकृत हुने सम्बन्धी सूचना ।

सूचना नं ०४।२०८३।८४

**सूचना प्रकाशित मिति : २०८३।०६।२०**

नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८३।०२।११ गतेको निर्णयानुसार चालु आ.व. २०८३।८४ का लागि मोटा धानको प्रति क्वीन्टल रु.३,६६०। र मध्यम धानको प्रति क्वीन्टल रु. ३,८६०। न्यूनतम समर्थन मूल्य तोकिएकाले स्वीकृत "**न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७**" मा भएको प्रावधान बमोजिम न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सहकारी संस्थाहरुलाई व्यवस्थापन खर्च उपलब्ध गराउने कार्यक्रम रहेकाले बारा र पर्सा जिल्ला भित्रका ईच्छुक कृषि सहकारी संस्थाहरुले निर्देशिकामा उल्लेखित तपसिल अनुसारका आवश्यक विवरण र कागजात सहित यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३।०७।०३ गते सार्वजनिक विदा पर्न गएको हुनाले विदा पश्चात कार्यालय खुलेको दिन (अन्तिम दिन मिति २०८३।०७।०९ गते) यस कार्यक्रम कार्यान्वयन एकाइमा सूचिकृत हुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

१. रितपूर्वक सहितको सूचिकृत निवेदन ।
२. सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी र संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. आ.व. २०८२।८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. सहकारी संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी, संस्थाको निर्णयको प्रतिलिपी ।
५. सहकारी संस्थाको कार्यक्षेत्र, शेयर पूँजी र कारोबार रकम सम्बन्धी विवरण ।
६. खरिद गर्न चाहेको धानको परिमाण र किसिम ।
७. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरि ईच्छुक क्षेत्र ।
८. धान खरिदका लागि आवश्यक रकमको व्यवस्था र त्यसको श्रोत ।
९. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण ।
१० धान खरिद, ढुवानी, भण्डारण प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण ।
११ धान खरिद, बिक्रीको लाग आवश्यक पर्ने अन्य विवरण ।

नोट: धानको भण्डारण, सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागि प्रति क्विन्टल रु.११२। (अक्षरेपी रु. एक सय बाह्र मात्र) को दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने रकम कार्यालयले कार्यक्रम सम्पन्न गरे पश्चात सम्बन्धित संस्थालाई उपलब्ध गराउने छ ।विस्तृत जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, बाराको वेवसाइट www.piubara.pmamp.gov.np मा वा सूचना अधिकारीको नम्बर : ९८५५०४८८९७ मा सम्पर्क राख्न हुन अनुरोध छ ।

..............................
बरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production,
Path to Self-Sufficiency"